नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं.-६८५ , दायर मिति-:२०८०-०३-१९ प्रतिवादी

वादी फैसला मिति-२०८०-०९-१९

मोहनलाल दास तत्माको जाहेरीले नेपाल सरकार--------१

जिल्ला पर्सा बी.म.न.पा.वडा नं.२१ बस्ने बर्ष २१ को राजकुमार महतो समेत ४------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले बिभिन्न भागमा कुटपिट गर्दै घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने मोहनलाल दास तत्माको जाहेरी दरखास्त।

२. बिभिन्न भागमा कुटपिट गर्दै घाईते बनाई अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. बिभिन्न भागमा कुटपिट गर्दै घाईते बनाई अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका चन्दन कुमार शर्मा समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा गाली गलौज,कुटपिट गरेको छैन भनी प्रतिवादीले ईन्कारी बयान गरेतापनी मिति २०८०।२।२९ गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.२१ स्थित प्रतिवादीहरु राजकुमार महतो, मुन्ना महतो कोईरी, सन्दीप राम चमार र रबिन्द्र राम चमार समेतले जाहेरवालाको छोरा फलिन्द्र दासलाई गाली गलौज तथा कुटपिट गर्दै घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का, तथा को मोहनलाल दास तत्माको जाहेरी दरखास्त, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी राजकुमार महतोलाई जरिवाना ७,०००।- र कैद १९ दिन गर्ने र प्रतिवादी सन्दिप राम चमारलाई जरिवाना रु ७०००।- गर्ने र अर्का फरार प्रतिवादीहरु मुन्ना महतो कोईरी र रबिन्द्र राम चमारलाई जनही रु ७०००।- गर्ने र मुलुकी अपराध संहिता,२०७४ को दफा १२७ बमोजिमको उपचार खर्च सहितको क्षतिपुर्ति रु १,६३,८५०।- बादीलाई भरी भराई दिनु । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी राजकुमार महतोलाई ठहरेको कैदको हकमा निज प्रतिवादी मिति २०८०-०२-३० गते देखि २०८०-०३-१८ सम्म १९ दिन थुनामा बसेको देखिँदा सोही बाट कैद मिनाहा गर्नु र जरिवानाको हकमा मिति २०८०-०३-१९ गते र.नं. ९८४ बाट दाखिला गरेको धरौटी रकम रु ७,०००।- बाट जरिवाना रकम रु ७,००० कट्टा गरि मिनाहा गर्नु र प्रतिवादी सन्दिप राम चमारलाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०३-३१ गते र.नं. १०२७ बाट दाखिला गरेको धरौटी रकम रु ७,०००।- बाट जरिवाना रकम रु ७,००० कट्टा गरि मिनाहा गर्नु र अर्का फरार प्रतिवादीहरु मुन्ना महतो कोईरी र रबिन्द्र राम चमारलाई जरिवाना जनही रु ७,०००।- र मुलुकी अपराध संहिता,२०७४ को दफा १२७ बमोजिमको उपचार खर्च सहितको क्षतिपुर्तिवापत रु १,६३,८५०।- बादीलाई भरी भराई दिनका लागि प्रतिवादीहरुबाट असुलउपर गर्न जिल्ला प्रहरी कार्यालय,पर्सालाई पत्र लेख्नु। ------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु----------------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु---१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल पुष महिना १९ गते रोज ५ शुभम् ..................